आज मिति २०७३ साल जेष्ठ २९ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सा.वि. शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र.न.पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय द

६. आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. जिन्सी तथा खरिद व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका अध्यक्ष श्री राजेन्द्र महतो द

११. सव ईन्जिनियर श्री शंकर बहादुर कुँवर द

**निर्णयः**

**निर्णय नं. १:** यस न. पा. को आ. व. २०७२।०७३ को संघ संस्था भौतिक पूर्वाधार निर्माण साझेदारी कार्यक्रममा विनियोजित रु. १५,००,०००।- बाट खर्च हुने गरी निम्नानुसार संघ संस्थालाई तपसिल अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. आत्मा शान्ति बौद्ध स्तुप समाज नेपाल, रत्ननगर ९ को भवन निर्माण योजना रु. ५०,०००।- (पचास हजार मात्र)

**निर्णय नं. २:** यस न. पा. को आ. व. २०७२।०७३ को नगरस्तर कार्यक्रममा विनियोजित भूमिगत तथा सतह सिंचाई विस्तार शिर्षकमा विनियोजित ८,००,०००।- (आठ लाख मात्र) मध्येको रकमबाट दोरंगी कुलो लाईनिङ्ग गर्ने कार्यको लागि रु. ४,५०,०००।- (चार लाख पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो साथै भोकाहा गाउँ सिंचाई कुलो मर्मतमा रु. ५०,०००।- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस न. पा. को नगरस्तरीय कार्यक्रम शिर्षक नं. ४२ नं. मा विनियोजत एम्वुलेन्स खरिदको रु. १०,००,०००।- (दश लाख मात्र) लाई रकमान्तर गरी फोहोर मैला ढुवानी सवारी साधन ट्रेक्टर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस न. पा. को आ. व. २०७२।०७३ को नगर परिषदबाट नगरस्तरीय योजना अन्तर्गत स्वीकृत शितलचोक- सेरी-बोटेघाट सडक उच्चस्तर ग्रावेलमा विनियोजित रु. २,००,०००।- हाल नेपाल सरकार केन्द्रिय योजनाबाट कालोपत्रे हुने भएकाले सो रकम रकमान्तर गरी पिठुवा रत्ननगर १४, पारिजातचोक उत्तर गैरी गाउँ जाने सडक कालोपत्रे निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।